बैठक संख्या:३०।२०८३

बैठक मिति: २०८३।०२।२९, समय:३:०० बजे

स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।२।२९ गते सोमबार दिनको ३:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारयण यादव | प्रमुखप्र शासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री सुमन पौडेल | अधिकृत छैठौं | |
| | श्री मुना पोखेल | सहायक पाँचौ | |

बैठक संख्याः ३०।२०८३
बैठक मितिः २०८३।०२।२९, समयः दिउसो ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१. भा.सी. वहुमुखी क्याम्पसका लागि अनुदान सम्बन्धमा ।
२. विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिका वडा नं. ३ स्थित भा सि वहुमुखी क्याम्पसलाई वस खरिद गर्ने सहमति प्रदान गरि आगामी नगर सभावाट बजेट विनियोजन तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(क)**

विभिन्न वडावाट पेश भएका तपसिल वमोजिमका आयोजना/कार्यक्रमहरु देहाय वमोजिम संसोधन गर्ने निर्णय गरियो ।

| क स | वडा नं. | साविक आयोजनाको नाम | संसोधन भएर हुने आयोजनाको नाम |
|---|---|---|---|
| १ | ३ | ललित शाहको घर देखि मोहन रिजालको घर सम्म क्रमागत एजिङ् निर्माण रु २०००००/- | वडा भरि विग्रिएको वाटो ग्राभेल रु २०००००/- |
| २ | १ | दलित तथा थारु आदिवासीको सिलाई कटाइ कार्यक्रम रु १५०००० र सिलाइ कटाइ तालिम रु १००००० | सिलाई मेसिन खरिदको लागि रु २५०००० |
| ३ | ३ | दिनभद्रि मन्दिर मर्मत (प्रिप्राहा) १५०००० डिप वोरिङ १००००० | दिनाभद्रि मन्दिर छत ढलान २५०००० |

**निर्णय नं.२ (ख)**

रामधुनि नगरपालिका वडा नं. २ को मिति २०८३/०२/२९ को पत्र अनुसार वडा नं २ स्थित शिवनगर खानेपानी उपभोक्ता समितिलाई रु ३०००००/- (शिवनगर खानेपानी उपभोक्ता सिमितको योजना रु १५०००० तथा विचला टोल एजिङ निर्माण रु १५०००० आयोजना संसोधन भइ सोही शिर्षकवाट भुक्तानी हुने गरी ) र धमौराकुम्याही खानेपानी उपभोक्ता समितिलाई रु ५००००/- वडा नं. २ को वजेटवाट अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २(ग)**

रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्न सुभयुग मिडिया प्रा.लि. रामधुनी ५ झुम्का सुनसरी संस्था सँग सम्झौता भए अनुसार उक्त संस्थाले अध्ययन

बैठक संख्याः ३०।२०८३
बैठक मितिः २०८३।०२।२९, समयः दिउसो ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

कार्य सम्पन्न गरि पेश गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन वाट ६१ अंक हासिल गरी उत्तम अवस्थामा रहेको देखिएकोले आगामी वर्षमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा थप कार्य गर्न सो प्रतिवेदनलाइ स्विकार गरी आ व २०८३/८४ को योजना मा पनि कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(घ)**

रामधुनी नगरपालिका वडा नं. ४ स्थित लालपुर मा.वि. अगाडीको रामधुनी मुलसडक नहरमा कलभर्ट मर्मत गर्न प्राविधिक स्टिमेट बमोजिम कार्यसम्पन्न भए बमोजिम भुक्तानि गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(ङ)**

रामधुनी नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुवाट ऋण लिइ समयमा चुक्ता नगरेका तथा सहकारी संस्थाको खराव ऋणीको सूचीमा परेका ऋणी सदस्यहरुले २०८३ असाढ मसान्त भित्रमा आफ्नो ऋण चुक्ता गर्न सुचना प्रकाशन गर्ने तथा उक्त समय भित्र ऋण चुक्ता नगर्ने सदस्यहरुलाई नगरपालिकाले पञ्जिकरण वाहेकका सेवा सुविधा रोक्न सक्ने निर्णय गरियो ।

**निर्णय नं. २(च)**

रामधुनी नगरपालिका वडा नं.१ देखि वडा नं. ९ सम्मका सडकहरुमा परेका खाल्डाखुल्डीहरुमा मर्मत गर्नका लागि प्राविधीक स्टिमेटका आधारमा गर्ने निर्णय गरियो

**निर्णय नं. (छ)**

रामधुनी नगरपालिका वडा नं. ६ को च न ०२४०८ मिति २०८३/०२/२८ को पत्रअनुसार स्वास्थ्य चौकी व्यवस्थापन गर्ने कार्यको लागि वडाको सभाहल पार्टिसनको लागि प्राविधीक स्टिमेट बमोजिम आन्तरिक श्रोतवाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. (ज)**

रामधुनी नगरपालिका वडा नं. ६ को च न ०२४०९ मिति २०८३/०२/२८ को पत्रअनुसार उक्त वडा स्थित वक्लौरी हटिया अगाडी रहेको खाल्डाखुल्डी मर्मत गर्न प्राविधीक स्टिमेट बमोजिम मर्मत गरि आन्तरिक श्रोतवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. (झ)**

रामधुनी नगरपलिकाको टिपरले फोहोर संकलन गरि फर्कने क्रममा रामधुनी नगरपलिका वडा नं. २ वस्ने तुलसी चौधरीको खसीलाइ ठक्कर हानेको हुँदा निज तुलसी चौधरीलाई खसीको मुल्य वरावरको रकम रु १५००० भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. (ञ)**

बैठक संख्याः ३०।२०८३
बैठक मितिः २०८३।०२।२९, समयः दिउसो ३:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

<u>निर्णय नं. (ञ)</u>

मिति २०८३/०२/१४ गते भएको जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा रामधुनी नगरपालिकावाट प्रतिनिधित्व गरी भलिवल र दौड प्रतियोगितामा सहभागि हुने छात्रछात्रहरुलाई विल बमोजिमको रकम रु २८०००।- आन्तरिक श्रोतवाट भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner